बुटवल 94.4 mhz एफ.एम

मोफसलको लोकप्रिय राष्ट्रिय दैनिक

# नव तिलोत्तमा

वर्ष १८ | अंक २६७ | ०८१ साउन १४ गते सोमबार | 2024 July 29 Monday | पृष्ठ संख्या ४ | मूल्य रु. ४



ग्राहक महानुभावहरुमा अनुरोध

- नियमित पत्रिका नआएमा।
- विज्ञापनहरु दिनु परेमा।
- ग्राहक बन्नु परेमा।
- समयमा पत्रिका प्राप्त न भएमा।

नव तिलोत्तमा

बुटवल-१० कालिकानगर, रुपन्देही
फोनः ०७१-४३८५७४


## रेसुङ्गा विमानस्थलमा एक महिनादेखि उडान अवरुद्ध



रासस/गुल्मी, १३ साउन । जिल्लाको रेसुङ्गा विमानस्थलमा एक महिनादेखि हवाई उडान प्रभावित बनेको छ। वर्षाको समयमा पानी परिरहने र बाक्लो कुहिरो लाग्ने भएकाले असार दोस्रो सातादेखि उडान अवरुद्ध बनेको रेसुङ्गा विमानस्थलका प्रमुख सुमन थापाले जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्लो समयमा साताको तीनपटक नियमित उडान गर्दै आएको नेपाल एयरलाइन्सले असार १४ गतेपछि उडान गर्न सकेको छैन। रेसुङ्गा(काठमाडौँ र काठमाडौँ(रेसुङ्गाका लागि टिकट काटेका यात्री दैनिक विमानस्थल पुगेर फर्किने गरेको बताउँछन्।

मौसममा सुधार नआउँदासम्म नियमित उडानमा समस्या हुने भएकाले यात्रीको सुरक्षालाई ध्यान दिँदै उडान रोकिएको प्रमुख थापाले बताउनुभयो । गुल्मीको रेसुङ्गा विमानस्थल निगमको १८ सिट क्षमताको ट्विनअटर जहाजले उडान गर्दै आइरहेको छ। काठमाडौँबाट बिहान ६:३० बजे र रेसुङ्गा विमानस्थलबाट बिहान ७:३० बजे नियमित उडान तालिका छ । सोही तालिकाअनुसार निगमले काठमाडौँबाट रेसुङ्गा लागि सात हजार पाँच सय र रेसुङ्गाबाट काठमाडौँका लागि सात हजार तीन सय भाडादर निर्धारण गरेको छ । जिल्लामा गत वर्षदेखि व्यावसायिक रुपमा हवाई उडान सुरु गरिएको थियो । रेसुङ्गा विमानस्थलमा दिउँसोको समयमा अत्यधिक हावा चल्ने भएकाले प्राविधिक दृष्टिकोणले बिहान ११ बजेसम्म मात्र उडान भर्न उपयुक्त मानिन्छ।

पछिल्लो समयमा हवाई उडान सुरु भएसँगै जिल्लामा आउने आन्तरिक एवं बाह्य पर्यटकको सङ्ख्यामा समेत वृद्धि हुँदै गएको छ । रेसुङ्गा विमानस्थलबाट काठमाडौँका लागि एक वर्षमा एक सय २५ उडान भइसकेका विमानस्थल कार्यालयले जनाएको छ। उक्त विमानस्थल सदरमुकाम तम्घासबाट पाँच किलोमिटरको दूरीमा पर्दछ।

## बस र यात्रु खोज्न आएको भारतीय टोली फर्कियो

तिलोत्तमा/चितवन, १३ साउन । मुग्लिन-नारायणगढ सडकअन्तर्गत सिमलतालमा पहिरोमा परेर त्रिशूली नदीमा हराएका दुई वटा बस र यात्रु खोज्न आएको भारतीय टोली आइतबार स्वदेश फर्किएको छ। खोजीका लागि यही साउन ४ गते नेपाल आएको १२ जनाको भारतीय टोलीले कुनै वस्तु पनि पत्ता लगाउन नसकेपछि आइतबार फर्किएको जिल्ला प्रहरी कार्यालय चितवनका सूचना अधिकारी एवम् प्रहरी नायब उपरीक्षक (डीएसपी) भेषराज रिजालले जानकारी दिनुभयो । भारतीय टोली फर्किए पनि नेपाली टोलीले खोजी जारी नै राखेको उहाँले बताउनुभयो । असार २८ गते बिहान भएको घटनामा दुई वटा बससँगै ६२ जना यात्रु त्रिशूलीमा हराएका थिए। असार २८ गतेदेखि नै खोजी भएकोमा अहिलेसम्म बसमा रहेका यात्रुमध्ये १९ जनाको मात्रै शव भेटिएको छ। खोजी गर्ने क्रममा २५ वटा शव भेटिएकोमा एक जना अर्कै घटनाका भएको पुष्टि भएको र पाँच जनाको शव पहिचान भइनसकेको प्रहरीले जनाएको छ। खोजीमा सोनार क्यामेरा, चुम्बक र अन्य उपकरण प्रयोग गरिएको थियो । शनिबार ४० किलोको चुम्बक पानीमा खसालेर खोजी भइरहेकोमा १९ किलोको चुम्बक नै हराएको छ।

## कारागार र बालसुधार गृह सुधारमा गृहमन्त्रीको चासो

तिलोत्तमा/काठमाडौं, १३ साउन। गृहमन्त्री रमेश लेखकले कारागार र बालसुधार गृहको सुधारमा तीनै तहका सरकारको समन्वय गरेर अगाडि बढ्नुपर्ने बताउनुभएको छ।

आइतबार संघीय संसदको कानुन न्याय तथा मानवअधिकार समितिको बैठकमा गृहमन्त्री लेखकले यस्तो बताउनुभएको हो ।"अत्यधिक संख्यामा कैदीबन्दी रहेको समस्या देशभरि छ। भौतिक संरचनाको राम्रो विषय उठाउनु भएको छ" मन्त्री लेखकले भन्नुभयो- "भौतिक संरचनामा सुधार गर्न आवश्यक छ ।" उहाँले यस्तै बाल सुधार गृहमा पनि ठाउँको अभाव रहेको बताउनुभयो । भौतिक संरचना अभाव देखिएको उहाँको भनाइ छ।

"हामीसित ८ वटा जिल्लामा ९ वटा बालसुधार गृह छन्" उहाँले भन्नुभयो, "यसको सुधार गर्न सबैलाई सरकारले राम्रोसँग सञ्चालन गर्नुपर्ने देखिएको छ ।"कैदीबन्दीको सिदा र दैनिक खर्च कम भएको विषयमा सरकारको ध्यान गम्भीरतापूर्वक जाने गृहमन्त्री लेखकले बताउनुभयो । कैदी बन्दीले भोग्नुपरेको स्वास्थ्य र सरसफाइका समस्या सम्बोधन गर्ने सरकारले ध्यान दिने बताउनुभयो।"कैदीबन्दीको सीप विकास र आयआर्जनको कुरामा पनि सरकार गम्भीर छ" गृहमन्त्री लेखक भन्नुभयो, "कारागारलाई सीप विकास केन्द्रका रुपमा विकास जरुरी छ ।" केही न केही उद्यम गरेर आयआर्जन पनि हुने र मानिस व्यस्त हुने अवस्था रहेको उहाँको भनाइ छ।

कैदीबन्दीको स्वास्थ्य बीमा र सीपको व्यवस्थाका साथै मनोपरामशर्म कार्यक्रम आवश्यक भएको गृहमन्त्री लेखकले बताउनुभयो । कैद कट्टामा सर्वोच्च अदालतले दिएको पछिल्लो निर्देशनअनुसार अगाडि बढ्ने उहाँले बताउनुभयो ।

## गुल्मीमा ८९ र अर्घाखाँचीमा ८० प्रतिशत धान रोपाइँ



तिलोत्तमा/गुल्मी, १३ साउन । गुल्मीमा हालसम्म ८९ प्रतिशत धान रोपाइँ भएको छ। यस वर्ष सात हजार ९८८ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने अनुमान गरिएकोमा साउन दोस्रो साता पुग्दासम्म सात हजार १०९ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको कृषि ज्ञान केन्द्र गुल्मीले जनाएको हो। यस जिल्लाका अधिकांश किसानहरुले खेतमा रोपेको मकै र चैते धान भित्र्याएपछि धान रोप्ने गर्दछन्। साउन महिनाको सुरुवातसँगै पानीका मुहानहरु फुटेपछि यहाँका किसानहरु धान रोप्न निकै व्यस्त देखिएका छन्। गत वर्षको तुलनामा अहिले रोपाइँको प्रतिशत बढे पनि धान उत्पादन हुने क्षेत्रफल घट्ने कृषि ज्ञान केन्द्र गुल्मीका कार्यालय प्रमुख नवराज भण्डारीले जानकारी दिनुभयो।

कार्यालय प्रमुख भण्डारीका अनुसार जनशक्तिको अभाव, बढ्दो बसाइँसराइँ, गोरुको अभाव, समयमा जोत्नका लागि ट्याक्टर नपाउने, खोलाको कटान, महँगो ज्याला, भनेको समयमा कामदार नपाउनुलगायतका कारण धान रोपाइँको क्षेत्रफल घट्नेछ । गत वर्ष ३५० हेक्टर क्षेत्रफलमा चैते धान लगाइएकोमा अहिले घटाएर ३११ हेक्टर क्षेत्रफलमा धान रोपाइँ भएको उहाँले बताउनुभयो । गत वर्ष चैते र वर्षे गरी कुल २७ हजार ८०७ मेट्रिकटन धान उत्पादन भएको थियो । चैते धानका रुपमा स्थानीय मार्सी, सिएच-४५, चैते ५ र हर्दिनाथ १ रोपिन्छ। चैते (बाँकी ३ पेजमा...)

## सोह्र अर्ब ९३ करोडको विद्युत् निर्यात

रासस/काठमाडौँ, १३ साउन। आर्थिक वर्ष २०८०/८१ मा रु १६ अर्ब ९३ करोड बराबरको विद्युत् भारततर्फ निर्यात भएको छ। नेपाल विद्युत् प्राधिकरणले गत आवमा एक अर्ब ९४ करोड २६ लाख युनिट विद्युत् भारतर्फ निर्यात गरी रु १६ अर्ब ९३ करोड २६ लाख आम्दानी गरेको हो । प्राधिकरणले देशभित्र खपत गरी अतिरिक्त भएको विद्युत् भारतीय ऊर्जा एक्सचेन्ज (आइएक्स) को डे अहेड तथा रियल टाइम मार्केटमा प्रतिस्पर्धी दरमा र मध्यकालीन विद्युत् सम्झौताबमोजिम भारतीय कम्पनी एनटिपिसी विद्युत् व्यापार निगम लि-एनभिभिएनलाई बिक्री गरिरहेको छ। एनभिएनले उक्त विद्युत् हरियाणा राज्यमा बिक्री गरिरहेको छ। निर्यात गरिएको विद्युत्को औसत दर प्रतियुनिट आठ रुपैयाँ ७२ पैसा छ । प्राधिकरणले गत आवमा रु १६ अर्ब ८१ करोड तीन लाखको विद्युत् आयात गरेको जनाएको छ। सुक्खायाममा खोला तथा नदीहरूमा पानीको बहाव घटी देशभित्रका नदी प्रवाही जलविद्युत्गृहबाट विद्युत् उत्पादन घट्ने हुँदा माग धान्न गत आवमा भारतबाट एक अर्ब ८३ करोड ३५ लाख युनिट विद्युत् आयात गरिएको हो । हिउँदयाममा आयात गरिएको विद्युत्को औसत दर प्रतियुनिट नौ रुपैयाँ १७ पैसा छ।

गत आवमा आयातभन्दा रु १२ करोड २३ लाखको बढी विद्युत् भारततर्फ निर्यात भएको छ। यसैगरी, ऊर्जाका आधारमा आयातभन्दा १० करोड ९१ लाख लाख युनिट बढी विद्युत् निर्यात भएको हो । निर्यात गरिएको परिमाण आयातभन्दा बढी भएकाले भारतीय प्रतिस्पर्धी बजारमा प्रवेश पाएको तीन वर्षमा नै नेपाल विद्युत्को खुद निर्यातकर्ता बनेको छ। आव २०७९/८० मा भारतबाट रु १९ अर्ब ४४ करोड ४० लाखको विद्युत् आयात भएको थियो भने रु १० अर्ब ४५ करोड ५० लाखको निर्यात गरिएको थियो ।प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले आगामी केही वर्ष अझै हिउँदका केही महिनाको आन्तरिक माग व्यवस्थापन गर्न विद्युत् आयात गर्नु परे पनि निर्यातको परिमाण बढ्दै जाने बताउनुभयो । "छ/सात वर्षअघिसम्म विद्युत् आयातकर्ताको मात्र अवस्था थियो, तीन वर्षअघिबाट भारतीय प्रतिस्पर्धी बजारमा विद्युत् निर्यात सुरु गरे पनि निर्यातभन्दा आयात बढी भई खुद आयातकर्ता बन्ने अवस्था थियो", उहाँले (बाँकी ३ पेजमा...)

## करेन्ट लागेर एकको मृत्यु



तिलोत्तमा/कपिलवस्तु, १३ साउन । कपिलवस्तुमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ । कपिलवस्तुको शुद्धोधन गाउँपालिका -५ सिवलवा बस्ने ५६ वर्षीय गम्तरा अहिरको मृत्यु भएको प्रहरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालय कपिलवस्तुको प्रहरी उपरीक्षक नवरत्न पौडेलका अनुसार आफ्नै घरको कलमा जोडेको विद्युतीय मोटर चलाएर नुहाउने क्रममा करेन्ट लागेर मृत्यु भएको बताउनुभयो । करेन्ट लागेर बेहोस भएकी यादवको कपिलवस्तु अस्पताल तौलिहवामा उपचारको क्रममा मृत्यु भएको उहाँले बताउनुभयो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरी उपरीक्षक पौडेलले बताउनुभयो।

## डा. मुकुल ढकालद्वारा निर्वाचन आयोगमा निवेदन

रासस/काठमाडौँ, १३ साउन। डा मुकुल ढकालले राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)को महामन्त्री एवं प्रवक्ता र केन्द्रीय सदस्यबाट आफुलाई पदमुक्त गरिनु अवैधानिक भएको दाबी गर्दै निर्वाचन आयोगमा निवेदन दिनुभएको छ । उहाँले आयोगमा निवेदन दर्ता गराउनुभएको हो। आयोगका सूचना अधिकारी सुमन घिमिरेले डा ढकालको निवेदन आयोगमा दर्ता भएको जानकारी दिनुभयो। डा ढकालले पार्टीले आफूलाई पदमुक्त गर्ने निर्णय अवैधानिक भएको र रास्वपाका कुनै पनि निर्णय सदर नगर्न आग्रह गर्दै आयोगमा निवेदन दिएको राससलाई बताउनुभयो । उहाँले अहिलेसम्म आफू पदमुक्त भएको आधिकारिक पत्र पार्टीबाट प्राप्त नगरेकोसमेत प्रतिक्रिया दिनुभयो । "संविधानको धारा २६९ (४) र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा १८(२) अनुसार मलाई पार्टीले गरेको कारबाही अवैधानिक छ । कारबाही अवैधानिक भएकाले मेरो हस्ताक्षरबिना पार्टीका निर्णय अद्यावधिक गर्न आए नगर्नु त्यो अवैधानिक छ भनेर निवेदन दिएको छु", उहाँले भन्नुभयो। रास्वपाको केन्द्रीय समितिको बैठकले गत असार २५ गते डा ढकाललाई पार्टी अनुशासनविपरीत अभद्र र पार्टीहितविपरीत अराजनीतिक व्यवहार प्रदर्शन गरेको भन्दै पदमुक्त गरेको थियो।

तिलोत्तमा

## सम्पादकीय

# औपचारिकतामा सीमित हेपाटाईटिस दिवस

*नेपालमा मनाईने हरेक दिवस जस्तै विश्व हेपाटाइटिस दिवस पनि औपचारिकता पूरा गर्दै आईतबार मनाइएको छ । हेपाटाइटिस विरुद्ध कदम चाल्ने समय आयो भन्ने नाराका साथ यस दिवसको औपचारिकता पूरा भएको छ ।*

*हरेक हरेक वर्ष जुलाई २८ तारिखको दिनलाई विश्व हेपाटाइटिस दिवसका रूपमा मनाइँदै आएको छ । भाइरल हेपाटाइटिसको जोखिम कम गर्दै विश्वलाई स्वस्थ बनाउने अभियानमा विश्वभरका मानिसहरूको ऐक्यबद्धता प्रदर्शन गर्ने दिन आज हो तर यो दिवस औपचारिकतामा सीमित हुँदै गएको छ । पछिल्लोसमय भाइरल हेपाटाइटिस खतरनाक स्वास्थ्य समस्याको रूपमा देखिएको छ । विश्व स्वास्थ्य सङ्गठनको तथ्याङ्कलाई हेर्ने हो भने संसारभरका ३२ करोड ५० लाख मानिसहरू भाइरल हेपाटाइटिस बी र सी बाट ग्रसित छन् ।*

*यो रोगबाट ग्रसित हुने १० जनामध्ये ९ जना यस रोगबारे अनभिज्ञ रहने पनि तथ्याङ्कले देखाएको छ । एचआइभी एड्स, मलेरिया, क्षयरोगजस्तै यो रोग पनि विश्वभरिका मानिसहरूलाई मृत्युको सिकार बनाउने डरलाग्दो रोग हो । हेपाटाइटिस बी र सी लागेर हरेक वर्ष १३ लाख मानिसको मृत्यु हुने गर्दछ । कलेजोको क्यान्सर हुन दिन यो रोगको भाइरसले मुख्य योगदान गर्दछ । हेपाटाइटिस भनेकै भाइरल सङ्क्रमणका कारण कलेजो सुन्निनु हो । यो डरलाग्दो तथ्याँकले एकपटक यो रोग नियन्त्रण गर्ने बारे तथा यो रोगबाट सचेत हुनुपर्ने आवश्यकता महसुस भएको छ । अब ढिला नगरि हेपाटाइटिसबारे जागरण फैलाउनु हाम्रो कर्तब्य हो ।*

*लागूपदार्थ दुर्व्यसनी, एचआइभी संक्रमितहरु यो रोगबाट बढी प्रभाविन हुने गरेका छन । अझ हेपाटाइटिस बी लागेका ९०% मानिसहरू र हेपाटाइटिस सी भएका ८०% मानिसहरूलाई यो रोग भएको बारे अनभिज्ञ रहने र नजानेरै अरूमा यो रोग सार्ने गरेकाले पनि यसलाई एचआइभी र अन्य रोगहरूसरह घातक रोग हो । हेपाटाइटिसबारे जागरूकता बढाउनका निम्ति हरेक वर्षझैं यो वर्ष पनि हेपाटाइटिस दिवस मनाइँदै छ । हेपाटाईटिस रोग लाग्न नदिन कलेजोको रक्षा पहिलो दायित्व हो । हेपाटाइटिसको रोकथाम, परीक्षण र उपचारको बारेमा आजैदेखि सचेत बन्नुपर्ने देखिएको छ । स्वास्थ्य सेवा सुलभ र सहज नभएको हाम्रो जस्तो देशमा त झन् कुनै पनि रोग लाग्नु यसै नै बोझिलो हुने गर्दछ । यस्ता भयानक रोगबाट ग्रसित हुनुपर्दा त मृत्युकै बाटो रोज्नुपर्ने हुन्छ । यसकारण समयमा नै यसबारे जागरण बढाउनु सर्वसाधारणको हैसियतले हामी सबैको कर्तब्य हो ।*

## अन्तराष्ट्रिय समाचार

# मध्य चीनमा पहिरोमा परी ११ जनाको मृत्यु

(रासस/एएफपी)संघाई, १३ साउन । मध्य चीनको हुनान प्रान्तमा आएको आकस्मिक बाढीले निम्त्याएको पहिरोबाट स्थानीय अतिथिगृह ध्वस्त भएको र ११ जनाको मृत्यु हुनुका साथै कम्तिमा एक जना अझै बेपत्ता रहेको चिनियाँ राष्ट्रिय सञ्चारमाध्यम (सिसिटिभी) ले आइतबार जनाएको छ। आधिकारिक प्रसारणकर्ता सिसिटिभीले पहिरोमा १८ जना पुरिएको प्रारम्भिक जानकारी उपलब्ध गराएको थियो। आइतबार दिउँसोसम्म ११ जनाको शव र छ जना घाइतेको उद्धार गरेको बताइएको छ। घटनास्थलमा २४० भन्दा बढी आपतकालीन कर्मचारी परिचालन गरिएको र उद्धार कार्य जारी रहेको सिसिटिभीले समाचारमा उल्लेख गरेको छ। यस महिनाको सुरुमा उत्तर र दक्षिणपश्चिममा आएको आकस्मिक बाढीले कम्तीमा २० जनाको ज्यान लिएको थियो। मे महिनामा दक्षिणी चीनमा केही दिनको लगातार वर्षाका कारण राजमार्गको पुल खस्दा ४८ जनाको मृत्यु भएको थियो।

# गठबन्धन चुनौती कि अवसर ?



विनोज बस्न्यात

सन् २००६ मा विस्तृत शान्ति सम्झौता (सिपिए) मा हस्ताक्षर भएपछिका झन्डै दुई दशकयता नेपालले नयाँ राजनीतिक व्यवस्था कार्यान्वयनका लागि मार्गप्रशस्त गर्ने सन्दर्भमा चारवटा प्रमुख रणनीतिक मुद्दाको सामना गरेको छ। एक, शान्ति वार्ताका माध्यमबाट विद्रोहलाई नेपालको विद्यमान लोकतान्त्रिक प्रक्रियामा पुनः स्थापना। दुई, माओवादी लडाकुको समायोजन एवं पुनर्स्थापना। तीन, ६० हजारभन्दा बढी मानव अधिकार हननसम्बन्धी मुद्दाको मेलमिलाप। र चार, संघीयता, गणतन्त्र, धर्मनिरपेक्षता र समावेशिताको सिद्धान्तमा टेकेर २०७२ को संविधान जारी। यीमध्ये दुइटा आधारभूत विषय अझै पनि बहस र छलफलमै छन्। एक दशक लामो माओवादी युद्धका क्रममा भएका 'मानव अधिकार' उल्लंघनका मुद्दा अझै टुंगिन सकेका छैनन्। यसबीच, ३१ असारमा संघीय संसद्मा दुईतिहाइसाथ नयाँ गठबन्धन सरकार बनेपछि '०७२ सालको संविधान'मा परिवर्तनको सम्भावनासहित यी मुद्दा फेरि चर्चामा छन।

१८ वर्षदेखिको संक्रमणमा भूराजनीतिक शक्ति नै हाबी भए भने नेपालले नयाँ राजनीतिक एवं शासकीय प्रणालीतर्फ लामो संक्रमणको सामना गरिरहेको छ। संविधान र मानव अधिकारका मुद्दा उछालिँदै जाँदा संविधान र यसपछाडिका राजनीतिक शक्ति राष्ट्रिय मुद्दामा जत्तिकै भूराजनीतिक मामिलामा पनि जोडिँदै जानेछन्। कांग्रेस-एमाले नेतृत्वको सरकारले दुइटा कार्यसूची तय गरेको छ। पहिलो, राजनीतिक अस्थिरताबाट निकास खोज्ने र दोस्रो, अभ्यासका आठ वर्षको आलोकमा संविधानमा आवश्यक परिमार्जन गर्ने। यो नेपालको आर्थिक विकासका लागि बलियो सरकारको खोजी पनि हुनेछ। साथै, नेपालको राजनीतिक एवं शासन प्रणाली नेपालीले नै निर्माण गर्नेतर्फको काम पनि हुनेछ। पछिल्ला चारवटा आमनिर्वाचन र डेढ वर्षको अवधिमा चारपटक विश्वासको मतले सन् २०६२ मा नेपालको संक्रमणकाल सुरु हुँदाखेरिको प्रमुख राजनीतिक शक्ति अर्थात् निवर्तमान प्रधानमन्त्री प्रचण्डले जनताको विश्वासलाई कायम राख्न नसकेको तथ्य उजागर गर्छ। सर्वहारा कम्युनिस्ट प्रणाली त्यागेर ०६२ मा शान्तिपूर्ण राजनीतिमा प्रवेश गरेपछि प्रचण्डको नेतृत्वमा माओवादीले ०६४ वैशाखमा सम्पन्न पहिलो संविधानसभाको निर्वाचनमा सबैभन्दा ठूलो शक्तिका रूपमा ६०१ मध्ये २२९ सिटमा विजय हासिल गर्‍यो। ०७० मा भएको दोस्रो संविधानसभाको चुनावमा ६०१ मध्ये ८२ सिट जितेर माओवादी तेस्रो ठूलो दलमा सीमित भयो। संविधान जारी भएपछिका ०७४ र ०७९ को आमनिर्वाचनमा क्रमशः एमालेसँगको चुनावी तालमेलबाट ५३ र कांग्रेससँगको चुनावी तालमेलमा ३२ सिटमा खुम्चियो।

कांग्रेस र एमालेले आफ्नो हैसियत लगभग कायम राख्दै आएका छन् भने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र स्वतन्त्र उम्मेदवारले माओवादीको सिट लगेका छन्। मधेश आन्दोलनसँगै मधेशी जनअधिकार फोरम, नेपाल मूलधारको राजनीतिमा प्रवेश गर्‍यो। त्यसपछिका चुनावमा ऊ विभिन्न समूहमा विभाजित भयो। राष्ट्रिय आवश्यकता र प्राथमिकतालाई नेतृत्वको लोभ र भयबाट सिर्जित राष्ट्रिय नीति, संकुचित दृष्टि, भूराजनीतिक परिवेशको गलत व्याख्याका साथै पार्टीका आन्तरिक र अन्तरपार्टी विसंगतिले सीमान्तकृत गरेका छन्। संवैधानिक सामान्यीकरणको खतरनाक धक्काले नेपाललाई अस्थिर बनाउन सक्छ। विशेषगरी भारतको प्रभाव पर्नेछ।

भूराजनीति : २० सेप्टेम्बर २०१५ मा भारतीय विदेश मन्त्रालयले प्रेस विज्ञप्ति जारी गर्दै गणतन्त्र, संघीयता र धर्मनिरपेक्षताको समर्थन गर्‍यो। 'नेपालमा संविधान जारी भएको विषयलाई हामीले संज्ञानमा लिएका छौं,' उसले विज्ञप्तिमा भनेको थियो। समावेशितालाई संविधानले मिस गरेको छ। नयाँदिल्लीले कडा शब्दमा जारी गरेको वक्तव्यमा 'भारतको सीमा जोडिएको छिमेकका विभिन्न भागमा अझै पनि हिंसा कायम रहनु चिन्ताजनक छ' भन्यो।

यसविपरीत उत्तरी छिमेकी चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता होङ लेईद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'नयाँ संविधान जारी गरेकामा चीन नेपाललाई हार्दिक बधाई ज्ञापन गर्छ। नेपालले राष्ट्रिय एकता, स्थायित्व र विकासको अनुभूति गर्ने अवसरका सदुपयोग गर्ने आशा छ।' होङले नेपाललाई चीनले आर्थिक सहयोग जारी राख्ने बताए। हालैका वर्षमा चीन भारतलाई उछिनेर प्रत्यक्ष वैदेशिक लगानीको सबैभन्दा ठूलो स्रोत बनेको छ। 'चीन नेपालसँगको सम्बन्धलाई महत्त्व दिन्छ। पारस्परिक लाभका विषयमा सहयोगलाई अझ प्रगाढ बनाउन र हाम्रो क्षमताअनुसार नेपालको आर्थिक तथा सामाजिक विकासमा सहयोग गर्न चीन सदैव इच्छुक छ,' होङको विज्ञप्तिमा भनिएको थियो। इयूका प्रवक्ताले संविधानलाई भविष्यको राजनीतिक स्थायित्व र आर्थिक विकासका लागि ऐतिहासिक घटनाका रूपमा समर्थन गर्दै मधेशमा जारी अशान्तिप्रति चिन्ता व्यक्त गरे।

विशेषगरी चीनको तिब्बती भूरणनीतिका कारण महाशक्तिको राजनीतिमा सफल हुन नेपाललाई प्रभावकारी कूटनीतिको खाँचो छ। निकटवर्ती छिमेकी चीन र भारतले विश्वको आर्थिक वृद्धिको लगभग आधा हिस्सा ओगटेका छन्, जसले दक्षिण एसियालाई नयाँ आकार दिइरहेको छ।

राजनीतिक चिन्ता : नेकपाले आफ्नो राजनीतिक यात्रा जातीय राजनीतिबाट सुरु गरेको थियो। नेपालको इतिहासमै पहिलोपटक ०६४ को पहिलो संविधानसभा निर्वाचनमा दलितले ८.१७ प्रतिशत, महिलाले ३३.२२ प्रतिशत, जनजाति तथा जनजातिले ३३.३९ प्रतिशत र मधेशीले ३४.०९ प्रतिशत सिटको प्रतिनिधित्व पाएका थिए। ०५० मा स्थापित माओवादी ०५२ मा सुरु भएको जनयुद्ध हुँदै थुप्रै आमूल परिवर्तनबाट गुज्रिँदै लोकतान्त्रिक शक्तिका रूपमा स्थापित भएको छ। निवर्तमान प्रधामन्त्री प्रचण्डले संविधान संशोधनबारे कांग्रेस र एमालेलाई कडा चेतावनी दिएका छन्। 'यसले प्रतिगमन र अधिनायकवादतर्फ डोर्‍याउन सक्छ भन्नेमा म चिन्तित छु,' संसद्‌लाई सम्बोधन गर्ने क्रममा प्रचण्डले गल्ती स्विकार्ने र अल्टिमेटम र उत्तेजक टिप्पणीबाट टाढै रहने बताउँदै व्यक्तिगत भावना व्यक्त गर्दा थप सावधानी अपनाउने प्रतिबद्धता पनि व्यक्त गरेका छन्। सत्ताको बहिर्गमनले माओवादीको 'पावर पोलिटिक्स' अन्त्य पनि हुन सक्छ। ०६४ पछिका १६ वर्षमा केपी ओली १४औं प्रधानमन्त्री भएका छन्। ओलीले चौथो इनिङमा संविधान संशोधन, आर्थिक सुधार, सामाजिक चुनौती, शासन प्रणालीको राजनीतीकरण, कृषिमा क्रान्ति, भूराजनीतिक परिवर्तनअनुरूप परराष्ट्र नीतिको पुनरावलोकन, राष्ट्रिय सरकार गठनजस्ता राजनीतिक स्थायित्वका चुनौतीपूर्ण कार्यभार पाएका छन्।

अबको बाटो : गठबन्धन सरकारलाई फ्याँकी राष्ट्रिय सरकार गठन गर्ने बताएका कांग्रेस र एमालेले राजनीतिक अस्थिरता, भ्रष्टाचारको संस्थाकरण, संस्थाहरूको चरम राजनीतीकरण, विदेश नीतिमा विचलनलगायत अन्य संकटका साथ संवैधानिक कमजोरीसमेत सच्याउने अभिव्यक्ति दिएका छन्। ०७२ को संविधानलाई चीनको समर्थन छ भने भारत र युरोपेली संघ (इयू) को यसको मूल भावनाप्रति समर्थन भए पनि विशेषगरी तराई र देशका अन्य भागमा मधेशी र थारू समुदायबाट ५७ जनाको ज्यान गएको भन्दै समावेशिताबारे चासो छ। प्रदेशहरूको सीमा, प्रतिनिधित्व, निर्वाचन क्षेत्र निर्धारण र नागरिकतासम्बन्धी धारामा उनीहरूको असहमति छ।

वर्तमान सरकार गठनसँगै संविधान संशोधन र मानव अधिकार रक्षा मुख्य मुद्दा बनेका छन्। साथै राजनीतिक प्रणाली र शासन प्रणालीमा सुधार गरी समावेशिता, राष्ट्रिय पहिचान, आर्थिक वृद्धिलाई सही सम्बोधन गर्न राष्ट्रिय सरकार गठन गरिएको भनिएको छ। आन्तरिक राजनीतिक-आर्थिक-सुरक्षा-सामाजिक-कूटनीतिक अस्तव्यस्ततामा रहेको अवस्थामा बदलिँदो विश्व व्यवस्थालाई कसरी सम्बोधन गर्ने ? भन्ने नै आधारभूत प्रश्न हो। विगत २५५ वर्षमा नेपालले कसरी काम गर्‍यो, त्यसको सिपिएपछि के-के भयो, त्योसँगै मूल्यांकन गर्न आवश्यक छ। राष्ट्रिय आवश्यकता राष्ट्रिय नीतिहरूबाट गायब छन। नेपालले राजनीतिक तथा आर्थिक मोडेलमा कमजोरी रहेको कुरा गरिरहँदा यो क्षेत्र र विश्व भूराजनीतिक रूपमा थप अशान्त छ। कुल गार्हस्थ उत्पादनको वृद्धिदर सुस्त छ तर ८० लाखभन्दा बढी आप्रवासी कामदारका कारण विदेशी मुद्रा सञ्चिति भने कायम छ। स्वदेशमा आर्थिक अवसर छैन। असल राजनीतिक र असल वित्तीय प्रणालीको अभाव, समष्टिगत आर्थिक नीतिको अपर्याप्तता, अपूर्ण रणनीतिक संरचना, कमजोर प्राविधिक प्राथमिकता आदि सबै अनैतिक विकासका परिणति हुन। संस्थागत भ्रष्टाचारलाई रोकथाम र सजायको विधिद्वारा सम्बोधन गर्ने अवसर छन्। जवाफदेहितालाई प्रभावकारी (बाँकी ३ पेजमा...)

# विषादीको बजार, छैन कतै अर्गानिक



डा. बद्रीप्रकाश ओझा

अर्गानिक साग हो, अलिकति टिपिदिउँ ? ती आमाले हामीलाई सोधिन् । हामी भागुँला झै भयौं, वातावरणमा आमाले भर्खरै छर्केको विषादीको गन्ध बेसरी फैलिएको छ । आमै भन्छिन्, अर्गानिक साग । हामी उनलाई विषादीको प्रयोग घटाउन र कथंकदाचित छर्नैपरे पनि हातमा पञ्जा र मुखमा मास्क लगाएर विषादी छर्कनुपर्दछ भन्ने सिकाउन गएका हामीलाई उल्टै भर्खर विषादी हालेको साग झन्डै ख्वाइनन् । दोष आमाको होइन । उनले आफ्नो जवानीमा विषादी देखेकै थिइनन् । उनलाई पढेका कृषि विज्ञहरूले नै विषादीबारे सिकाएका हुन् । आमाजस्ता धेरै मानिसहरू अहिले पनि विषादीलाई दबाइका रूपमा अन्नपातमा प्रयोग गर्दछन् । अन्जान रूपमा आफू पनि मर्दछन् र सन्तानलाई पनि बिखुच्चा पारेका छन् । हिजो विषादीलाई अचुक दबाइ भनेर सिकाउनेहरू नै आज हैट यो त कालको घोडा पो रहेछ, लु लु बन्द गरौं भनेर तात्तिएका छन् तर मानिसको दिमागमा गढेको कुरो त्यति छिटै कहाँ निस्कन्छ र ? त्यति नै सजिलो भए २०२० सालमै लागू भएको मुलुकी ऐनले भेदभाव उहिल्यै अन्त्य गर्नुपर्दथ्यो । अझैपनि मानिस विभेदका सिकार भएका समाचार नछापिएको दिन शायदै कम होला । मानिसको व्यवहारमा परिवर्तन गर्नु त्यति सजिलो विषय होइन । मनोवैज्ञानिकहरूका अनुसार नकारात्मक विषयले मानिसको दिमागमा असर पार्न एक सेकेन्डको सय भागको एक भाग समय भए पुग्छ । तर सकारात्मक कुरो दिमागमा पस्न कम्तिमा पनि १२ सेकेन्ड लाग्दछ । फलानोले करेला लगाएर १० हजार कमाएछ भन्ने समाचार र फलाना र फलानीलाई रंगेहात पक्रिइयो भन्ने दुई समाचार सामाजिक सञ्जालमा राखेर हेरे पुगिहाल्छ ।

त्यसैले ती आमाजस्तै तपाईं हाम्रो विषादीलाई औषधिका रूपमा प्रयोग गर्ने बानी छुटाउन मापसे न्यूनीकरणका लागि नेपाल प्रहरीले गरेको झैं हिम्मत चाहिन्छ। विषादी न्युनिकरणका लागि व्यापक जनचेतना जगाई व्यवहारमा परिवर्तन गर्ने लागि कडा कानून र त्यसको अझ कडा व्यवस्थापन हुनुपर्दछ । विश्वमा वार्षिक साढे पाँच प्रतिशतका दरले विषादी प्रयोग बढ्दै गएको पर्सिस्टेन्ट मार्केट रिसर्चको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनका अनुसार सन् २०२३ मा विश्वमा करिब एक सय आठ अर्ब अमेरिकी डलर बराबरको विषादी प्रयोग भएकोमा १० वर्षमा बढेर करिब एक सय ८५ अर्ब अमेरिकी डलर पुग्ने आँकलन गरिएको छ । हो, हुन्न भने पनि हुन्छ । हुँदै नहुने होइन तर निकै कम हुन्छ । पंक्तिकारकै करेसामा लगाइएका दुई बोट लहरे बालिमा लागेका करिब ५० चिचिला बीचमै कुहिए, कारण हो विषादी प्रयोग नहुनु। नजिकै रहेको सरकारी तरकारी विकास केन्द्रमा सम्पर्क गर्दा जैविक नै भए पनि विषादी त हाल्नै पर्छ भन्ने जवाफ आयो। दुई बोट लौकाका लागि कसले त्यत्रो खर्च गर्ने, बरु त मल नै पो बनाइयो। यो तरकारीका विज्ञको मात्र भनाइ होइन । बिचरा उनले त जे पढे त्यही भनिदिने हुन् । संयुक्त राष्ट्र संघ पनि यसै भन्छ। विश्व खाद्य तथा कृषि संगठन (एफएओ) को प्रतिवेदनलाई हेर्ने हो भने विषादी लगायतका कृषि सामग्रीको प्रयोगबाट खाद्यान्न उत्पादनमा २० देखि ५० प्रतिशतसम्मले वृद्धि भएको छ।

किसानले विषादीमा गर्ने हरेक एक डलर लगानीले उसको कृषि उपजमा तीनदेखि चार डलर लाभ दिने अध्ययनहरूले देखाएका छन्। चीन, भारत तथा अमेरिका जस्ता ठूला मुलुकले विषादीको प्रयोगपछि मात्र खाद्यवस्तु निर्यात गर्ने अवसर पाएका हुन्। पर्सिस्टेन्टले नै गरेको एउटा अध्ययनमा भारतमा सन् १९६० को दशकमा जम्मा एक करोड मेट्रिक टन गहुँ उत्पादन हुन्थ्यो भने आज १० करोड मेट्रिक टन उत्पादन हुन्छ । संयुक्त राष्ट्र संघका विभिन्न निकायहरू जस्तै एफएओ, विश्व स्वास्थ्य संगठन लगायतले गरे-गराएका अध्ययन अनुसार तथा विभिन्न विश्व विद्यालयले गरेका अध्ययनले विषादीको प्रयोगले मानिसको शरीरमा चार किसिमका हानि गर्दछ भन्ने तथ्य सार्वजनिक गरिएका छन्। क्यान्सर, इन्डोक्राइन ग्रन्थीमा समस्या, मष्तिष्कको कोषमा हानि र मानिसको प्रजनन् क्षमतामा कमी आदि । यीमध्ये इन्डोक्राइन ग्रन्थीमा समस्या आउँदा यसको असर दर सन्तानमा पनि देखिन्छ भने मष्तिष्कको कोषमा हानि पुग्दा पार्किन्सन्स जस्ता असाध्य रोगको जोखिम बढ्छ । निःसन्तान हुनु र क्यान्सरसँग लड्नु त छँदैछ । विषादीको प्रयोगबाट सबैभन्दा बढी जोखिममा पर्ने वर्गमा किसान वा कृषि फार्ममा काम गर्ने कामदार, बालबालिका र गर्भवती पर्दछन् । संयुक्त राष्ट्र संघ नै के भन्छ भने आज विश्वको जनसंख्या आठ अर्ब नाघ्यो । सन् २०५० सम्ममा जनसंख्या बढेर १० अर्बको हाराहारीमा पुग्दछ । यदि आजको दरमा मात्र खाद्यान्न उत्पादन भए विश्वको ६० प्रतिशत जनता भोकमरीको मारमा पर्छन् । उक्त जनसंख्याको छाक टार्न आजको दरमा खाद्यान्न उत्पादनमा ८० प्रतिशतले वृद्धि गर्नुपर्दछ ।

जब विषादीविरुद्ध आवाज उठ्न थाले तब बाटोमा जताततै अर्गानिक तरकारी पसल, अर्गानिक मासु, अर्गानिक दूधका पसल भेटिन थाले । कोही कसैलाई यो भनेको के हो भनेर प्रश्न गर्ने फुर्सद छैन। कसैले चासो राखे पनि कसैले उत्तर दिने प्रयास गर्दैन । अर्गानिक खाद्य वस्तु सम्बन्धमा विश्वका विभिन्न मुलुकहरूले आ-आफ्नै व्यवस्था गरेका (बाँकी ३ पेजमा...)

## सोह्र...

भनभनुभयो, "गत आवबाट खुद आयातकर्ताबाट निर्यातकर्ता बन्ने अवस्था बनेको छ, थोरै परिमाणमा खुद निर्यातकर्ता भए पनि यो महत्वपूर्ण उपलब्धि हो, ऊर्जा क्षेत्रका लागि एउटा कोसेढुङ्गा हो ।"
विद्युत्‌को पर्याप्त उपलब्ध हुँदा देशभित्र विद्युतीय सवारी साधन र इन्डक्सन चुलोको प्रयोगले पेट्रोलियम पदार्थको आयातमा गिरावट आएको कार्यकारी निर्देशक घिसिङले बताउनुभयो । "विद्युत् निर्यात परिमाण बढ्दा नेपाल र भारतबीचको व्यापार घाटा कम गर्न योगदान पुगेको छ, यसबाट देशको विदेशी मुद्रा सञ्चितिमा पनि सकारात्मक प्रभाव परेको छ", उहाँले भन्नुभयो ।नेपालले भारतको इनर्जी एक्सेचेन्जको डे अहेड मार्केटमा सन् २०२१ मे १ मा प्रवेश पाएको थियो । सुरुमा विद्युत् आयात अनुमति पाएको नेपालले सन् २०२१ नोभेम्बर ३ मा निर्यातकर्ताका रूपमा पनि प्रवेश पाएको थियो ।हाल नेपालले मिडियम टर्म, डे अहेड र रियल टाइम मार्केटमा दैनिक करिब सात सय मेगावाट विद्युत् भारतमा बिक्री गरिरहेको छ ।
प्राधिकरणले १६ वटा आयोजनाबाट उत्पादित छ सय ९० मेगावाट विद्युत् निर्यात अनुमति पाएको हो ।कार्यकारी निर्देशक घिसिङले मध्यकालीन सम्झौताअनुसार थप चार सय मेगावाट विद्युत् निर्यात अनुमति पाउने चरणमा रहेको उल्लेख गर्नुभयो । "हरियाणा र विहार राज्यलाई बिक्री गर्ने गरी थप चार सय मेगावाट विद्युत् निर्यात गर्न भारतको सम्बन्धित निकायबाट अनुमति आउने चरणमा छ, बङ्गलादेशसँग पनि छिट्टै सम्झौता गरी यसै वर्षबाट ४० मेगावाट निर्यात गर्दैछौँ", उहाँले भन्नुभयो ।
'लिऊँ या तिर' सर्तसहित विद्युत् खरिद बिक्री सम्झौता गरिएका निजी क्षेत्रका जलविद्युत् आयोजनाबाट उत्पादित विद्युत् प्रसारण लाइनमा समस्या आउँदाको अवस्थामा बाहेक सारभूत रूपमा खेर नगएको उहाँले जानकारी दिनुभयो ।

# ट्रकमा आगो सल्किएपछि जलेर नष्ट

तिलोत्तमा/घोराही, १३ साउन। दाङमा गुडिरहेको एक ट्रकमा आगो सल्किएपछि जलेर नष्ट भएको छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत महेन्द्रनगरबाट दाङको लमही आउँदै गरेको सुदुरपश्चिम प्रदेश ०१-००१ ख ३३३७ नम्बरको ट्रकमा आफैं आगलागी भएर जलेर नष्ट भएको हो । आइतवार बिहान लमही नगरपालिका -९ चाउखोलानजिक जङ्गल क्षेत्रमा गुडिरहेको समयमा ट्रकमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय दाङका प्रमुख प्रहरी उपरीक्षक रामबहादुर केसीले जानकारी दिनुभयो। प्रारम्भिक अनुसन्धान अनुसार गाडीमा आफैं आगो लागेको देखिएको भन्दै प्रहरी उपरीक्षक केसीले भन्नुभयो, 'वायरिङ सर्ट भएर आगो लागेको भन्ने छ। घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ।' ट्रकमा लागेको आगो बिहान सवा ५ बजेतिर लमही नगरपालिकाको दमकल र प्रहरीको सहयोगमा नियन्त्रणमा लिइएको हो । प्रहरी उपरीक्षक केसीका अनुसार ट्रकमा चालकसहित तीन जना सवार थिए । आगो निभाउन प्रयास गर्दा कञ्चनपुर जिल्ला कृष्णनगर नगरपालिका -२ निवासी ३८ वर्षीय रमेशदत्त जोशी सामान्य घाइते हुनुभएको छ। ट्रकमा आगो लागेको खबर पाउनासाथ राजमार्ग अन्तर्गत पर्ने अस्थायी पोष्ट रिहार दाङबाट प्रहरी नायब निरीक्षक माधव रावतको कमाण्डमा पाँच जनाको टोली घटनास्थल खटिएको थियो। आगलागीबाट ट्रकको इञ्जिनको भाग, बम्परको भाग र ६ वटा टायर पूर्ण रुपमा जलेर नष्ट भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार खाली ट्रक लमहीस्थित सिमेन्ट उद्योगबाट सिमेन्ट लिन आइरहेको थियो। चालक प्रहरी नियन्त्रणमा रहेको बताइएको छ।

## गुल्मीमा...

धान ३५० हेक्टरमा र वर्षे धान ८ हजार ८०३ हेक्टरमा गरी जम्मा ९ हजार १५३ हेक्टर क्षेत्रफलमा धान खेती गरिन्छ । स्थानीय हंसराज, आपझोते, झाप्री, काठे, झिनुवा, सानो भट्टे, ठुलो भट्टे, कोदे, बडियारे, लहरेबडियारे, थापचिनी, गुडुरो, ढल्लोई, पाखे धान, रातो मार्सी धान, मार्सी जातका धान रोप्ने गरिन्छ। उन्नत जातका सावाँ मन्सुली, मकवानपुर १, खुमल ४, रामधान, हिमाली जातका धान रोपाइँ हुने कृषि ज्ञान केन्द्र गुल्मीले जनाएको छ।
जिल्लाको कालीगण्डकी गाउँपालिकाको अर्वेनी, कनौटा, छापचौर, सत्यवती गाउँपालिकाको लिम्घा, अस्लेवा, जोहाङ्खैरेनी, साहाघाट, च्यामीफाँट, चन्द्रकोट गाउँपालिकाको मजुवा, रुपाकोट, शान्तिपुर, मुसिकोट नगरपालिकाको तल्लाफाँट, इन्द्रेगौंडा, भुवाचिदि, वामीटक्सार, पौदी अरेवा, भर्माचौर लगायत बडिघाट खोलाको आसपासका क्षेत्र, मालिका गाउँपालिकाको सिमलटारी, फूलबारी, शिलादी, अर्जेबेंसीमा रोपाइँ गरिन्छ । त्यस्तै, मदाने गाउँपालिकाको सिर्सेनीको सिम, अग्लुङ्ग फेदी, भनभनेको तल्लो क्षेत्र, धुर्कोट गाउँपालिकाको पनाहा खोला र छल्दीको आसपासका क्षेत्र, इश्मा गाउँपालिकाको चौरासीफाँट, हुलाके, हस्तिचौर लगायत छल्दी र निस्ती, गुल्मीदरबार गाउँपालिकाको गरमटारी, खर्जेङ, घोडाहाफाँट, टारी फाँट, छत्रकोट गाउँपालिकाको खर्जेङ, मनबाग, अँगा, उल्लिखोला, बोआ फाँट र रुरु क्षेत्र गाउँपालिकाको टाहाटिम, घिउबेंसी, छम्दीमा धान रोपाइँ गरिने उहाँले बताउनुभयो । यस्तै उता अर्घाखाँचीमा ८० प्रतिशत रोपाइँ सम्पन्न भएको छ । समयमा पानी परेकाले धान उत्पादनमा वृद्धि हुने अनुमान गरिएको छ । साउन अन्तिमसम्म कुल धानखेती हुने ९५ प्रतिशत खेतमा रोपाइँ सम्पन्न हुने कृषि ज्ञान केन्द्र अर्घाखाँचीले जनाएको छ । जिल्लाको कुल २६ हजार खेतीयोग्य जमिनमध्ये २९ प्रतिशत अर्थात ७ हजार हेक्टर क्षेत्रफलमा धान खेती हुन्छ । समयमा पानी परेकाले धान उत्पादनमा वृद्धि हुने अनुमान कृषि ज्ञान केन्द्र अर्घाखाँचीले गरेको छ । केन्द्रका प्रमुख बुद्धिराज घिमिरेले भन्नुभयो, "यसवर्ष समयमै पानी परेकाले रोपाइँ पनि समयमै भएको छ। चारदेखि पाँच प्रतिशतसम्म धान उत्पादनमा बृद्धि हुनसक्ने सम्भावना छ।"
जिल्लामा प्रतिहेक्टर ३.६१ मेट्रिक टन धान उत्पादन हुँदैआएको छ । अर्घाखाँचीमा वार्षिक ८० करोड रुपियाँको धान उत्पादन हुँदैगरेको प्रमुख घिमिरेले बताउनुभयो। नेपालको प्रमुख बालीको रूपमा रहेको धान उत्पादन वृद्धि गरेर आयात प्रतिस्थापन गर्न कृषकलाई अनुदान र खेतीयोग्य जमिनको वर्गीकरण जरुरी रहेको उहाँको भनाइ छ । जिल्लामा पछिल्लो समय हाइब्रिड जातको धान बढी रोपिने गरिन्छ। स्थानीय जातहरू खुमल चार, पोखेलीलगायतका धानहरू लगाइँदै आएको सन्धिखर्क नगरपालिका कृषि शाखा प्रमुख राजेन्द्र भट्टराईले बताउनुभयो । प्रमुख घिमिरेले भन्नुभयो, "जलवायु परिवर्तनको कारण धान खेतीमा बढ्दो नकारात्मक असरलाई न्यूनीकरण गर्न जलवायु अनुकूल प्रविधि र विकास कृषकसम्म पुर्‍याउन आवश्यक छ।"
समयमै पानी परे पनि गाउँघरमा खेताला नपाउँदा कृषकहरु समस्यामा पर्नेगरेका छन् । युवाहरू विदेश गएपछि गाउँमा वृद्ध, बालवालिका र महिला मात्र छन्। रोपाइँका लागि आवश्यक जनशक्ति उपलब्ध हुन नसकेकाले पनि रोपाइँमा ढिलाइ भइरहेको भट्टराईले बताउनुभयो । केन्द्रका अनुसार जिल्लामा ६० प्रतिशत गोरुमार्फत परम्परागत रुपमै धान खेती गरिदै आएको छ। ४० प्रतिशतले भने ट्रयाक्टर लगायतको आधुनिक प्रविधिबाट धानखेती गर्दैआएका छन् ।
पछिल्लो समय आधुनिक प्रविधि प्रयोग गर्नेहरुको सङ्ख्या वृद्धि भइरहेको छ।

## गठबन्धन...

कार्यसम्पादनको साधनका रूपमा प्रयोग गर्न सकिन्छ। समयमै लक्ष्य पूरा गर्न र राजस्व वृद्धिका लागि जवाफदेहिता महत्वपूर्ण छ। जवाफदेहिता वृद्धि र विश्वासलाई प्रोत्साहित गर्ने मानसिकतालाई बढावा दिनु दोषारोपण होइन।
दोस्रो हो, मेरिटोक्रेसी अर्थात् व्यावहारिकताइमानदारीकामाध्यमबाट संस्थाहरूको व्यावसायिकीकरण। प्रिन्सिपल र मोडेलले नै आज सिंगापुरलाई यहाँ ल्याइपुऱ्याएको हो। तेस्रो, नेपालको राजनीतिक प्रणाली र शासकीय प्रणालीमा परिवर्तन आएको त छ, तर राजनीतिक विश्वसनीयता, कूटनीतिक विश्वसनीयता, आर्थिक अखण्डताका दृष्टिले थप अविश्वसनीय बनेको छ। चौथो, अमेरिका र पश्चिमा मुलुक हिन्द-प्रशान्त क्षेत्रमा केन्द्रित भइरहेछन् भने चीन र भारत उत्तर-दक्षिणसहयोगरदक्षिण-दक्षिण सहयोगमार्फत राजनीतिक तथा आर्थिक हैसियत प्राप्त गरिरहेका छन्। यस्तो समयमा एक्काइसौं शताब्दीका चुनौतीलाई सम्बोधन गर्न विदेश नीतिको पुनरावलोकन गर्नु पर्नेछ। असंलग्न आन्दोलन शीतयुद्धमा जस्तै प्रभावशाली गुटको छायामा पुगेर समाप्त हुनेछ। नेपालको कूटनीतिक खोजीले 'ग्लोबल इन्भाइरोन्मेन्ट'लाई प्राथमिकता दिनुका साथै चीनसँग सीमा जोडिएका १४ देशलाई 'शान्ति क्षेत्र/देश' वा 'सक्रिय असंलग्न नीति'का साथ लोकतान्त्रिक मूल्य-मान्यताका शक्तिहरूको सहयोगमा नेतृत्व गर्ने मोडेल प्रदर्शन गर्नुपर्छ।
अन्त्यमा, सम्पूर्ण सामाजिक समूहसँग उनीहरूका सांस्कृतिक तथा धार्मिक अभ्याससँग विश्वास पुनर्निर्माण आवश्यक छ। दोस्रो, उत्तेजक भाषण र हिंसाबाट टाढा रहनुपर्छ। तेस्रो, संसद्मा प्रतिनिधित्व गर्ने सबै प्रतिस्पर्धीप्रति खुला दृष्टिकोण राख्नुपर्छ। नेपालको आर्थिक विकास र नेपाली निर्मित राजनीतिक एवं शासकीय प्रणालीका लागि राष्ट्रिय सरकारको खोजीमा रहेको यो बखत राजनीतिक इच्छाशक्ति र रचनात्मक कूटनीति नै सही प्रतिक्रिया हुनेछ। शत्रुतापूर्ण, सुरक्षामा आधारित राजनीतिक एवं आर्थिक सम्बन्धतर्फ लाग्नु समस्यारहित हुनेछैन।
भूराजनीतिले काम गर्ने विभिन्न तौरतरिका हुन्छन्, तर हेक्का के राख्नुपर्छ भने अन्तर्राष्ट्रिय राजनीतिमा कुनै स्थायी मित्र वा शत्रु हुँदैनन्, केवल स्थायी स्वार्थ हुन्छन।
(नयाँपत्रिका)

## विषादी...

छन् । संयुक्त राज्य अमेरिकाको कृषि मन्त्रालयले तयार पारेको अर्गानिक मापदण्डले कुनै पनि खाद्य वस्तु अर्गानिक हुनका लागि गरेको कानूनी व्यवस्थाको सारांश यस्तो छ।
कृषिबालीको हकमा मापदण्डले प्रतिबन्धित गरेका वस्तुहरू कम्तीमा पनि तीन वर्षसम्म प्रयोग नभएको हुनुपर्ने तथा माटोको स्वास्थ्य सुधारका लागि बालीचक्र, सघन तथा घुसुवा बाली र प्राणी वा वनस्पतिजन्य पदार्थको प्रयोग हुनुपर्ने, रोग कीरा तथा झारपात आदिको नियन्त्रणका लागि मापदण्डले व्यवस्था गरे बमोजिम भौतिक, यान्त्रिक तथा जैविक प्रविधिको उपयोग हुनुपर्ने, बीउ भण्डारण सम्बन्धी आवश्यक व्यवस्थाका साथै अनुवांशिक प्रविधि तथा ओजोनिक रेडिएसन आदि प्रयोगमा प्रतिबन्ध, मासुका लागि प्रयोग हुने ठूला जनावर कम्तीमा पनि एक सय २० दिनसम्म खुल्ला चरनमा चरेका हुनुपर्ने, मासुका लागि प्रयोग हुने पन्छीहरू खुला चरनमा हुर्केका हुनुपर्ने, चल्ला काढेको दोस्रो दिनदेखि नै अर्गानिक मापदण्ड अनुरूप हुर्काएको हुनुपर्ने, खोप बाहेक अन्य कृत्रिम सिन्थेटिक्सको प्रयोगमा प्रतिबन्ध आदि । हामीले पनि यस्तै कुनै उपाय अवलम्बन गर्नैपर्दछ । हाल हामी गम्भीर त्रासदीमा बाँचेका छौं। विषादी प्रयोग गरौं, सन्तान नै सखाप हुने डर नगरौं आफैं मासिने डर । पछि रोग लाग्ला र मरिएला वा सन्तानसम्म पिर्ला भनेर खाली पेट बस्ने कि रोगै पालेर भए पनि बाँच्ने ? यस्तो धारिलो बाटोमा हिँड्नु पर्ने भएकाले यसबारे गम्भीर रूपमा छलफल नगर्ने हो भने हामी धेरै दिन बाँच्दैनौं। माटोमै जन्मेका हामी फेरि माटैमा बिलाउँछौं । त्यसैले अब माटो स्वस्थ्य बनाउने उपायबारे चोकचोकमा बहस गरौं। फलानाले फलानो संस्थाबाट यति खाएछ भन्नुभन्दा आफ्नो बारीको माटोबारे कुरा गरौं। माटोमात्र राम्रो भए बिरुवा स्वस्थ्य बन्छ। स्वस्थ्य बिरुवालाई उति छिटो रोगले समात्दैन। (हाम्राकुरा)


# सन्धिखर्क नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
सन्धिखर्क, अर्घाखाँची

***प्रकाशित मितिः २०८१/०४/१४***

*आ.व.२०८१/८२ मा कार्यपालिकाको निर्णय बमोजिम आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले तपसिल बमोजिमका सर्तहरुको अधिनमा रहनेगरी ईच्छुक व्यक्ति, फर्मबाट गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ।*

१. सिलबन्दी दरभाउपत्रको फाराम मिति २०८१/०४/२८ गते सम्म कार्यालय समय भित्र यस कार्यालयको राजस्व शाखाबाट रु १०००। तिरी (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ। यसका लागि व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र फर्मको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि साथ मू.अ.कर र स्थायी लेखा नम्बर दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.व. २०८१/८२ को लागि मान्य हुने कागजाहरू संलग्न गरी निवेदन दिनुपर्नेछ।
२. कबुल रकम र धरौटी रकम अङ्क र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ।अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
३. मितिः२०८१/०४/२९ गते दिनको १२.०० बजेभित्र यस कार्यालयमा दरभाउपत्र दर्ता गराई सक्नु पर्नेछ। सोही दिनको २.०० बजे यस कार्यालयका कर्मचारी र दरभाउपत्रदाताको उपस्थितिमा दरभाउपत्र खोलिने छ। दरभाउपत्र खोल्दा दरभाउपत्रदाता अनुपस्थित भएमा दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन।
४. दरभाउपत्र खरिद र दर्ता गर्ने दिन सार्वजनिक बिदा परेमा सोको भोली पल्ट कार्यालय खुलेको दिन खरिद तथा दर्ता गर्न सकिनेछ।
५. कार्यालयबाट प्रमाणित नभएको रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन।
६. ठेक्का नं २ को हकमा सिलबन्दी दरभाउपत्र साथ आफुले कबुल गरेको अङ्कको ५ प्रतिशतले हुने रकम यस कार्यालयको रा.वा. बैङ्क सन्धिखर्क शाखामा रहेको धरौटी खाता नं ३०५०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैङ्कबाट इजाजत प्राप्त क वर्गको बैङ्कबाट यस कार्यालयको नाममा दरभाउपत्र नं, र नाम उल्लेख गरी ७५ दिन म्याद भएको बिडबण्ड सिलबन्दी खाम साथ पेस गर्नुपर्नेछ।
७. ठेक्का नं. २ आर्थिक वर्ष २०८१/८२ देखि २०८३/ड४ को असार मसान्तसम्म म्याद भएको (तीन वर्षे) र ठेक्का नं ३ को (पाँच वर्षे) म्याद भएको बहुवर्षीय ठेक्का रहेको हुँदा आर्थिक वर्ष २०८१/८२ देखि आर्थिक वर्ष २०८५/८६ को असारमसान्तसम्म बहाल रहनेछ।
८. ठेक्का नम्बर ३ को हकमा कबुल गरेको मासिक भाडाको २ महिना बराबरको रकम यस कार्यालयको धरौटी खाता नम्बर ३०५०१००३०३००००००२ मा दाखिला गरेको सक्कल भौचर जमानत बापत पेस गर्नुपर्नेछ।
९. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित हुनेछ।
१०. ठेक्का सम्बन्धी अन्य सर्त तथा विस्तृत विवरण दरभाउपत्र साथ उपलब्ध गराईनेछ। अन्य जानकारीको लागि कार्यालय समयभित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।सम्पर्क नम्बर ९८५७०२८९८८ रहेको छ।
११.यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।

**तपसिल**

| ठेक्का नं राजस्व | दरभाउपत्रको विवरण | न्यूनतम अङ्क मु.अ.कर बाहेक (तीन वर्षको न्यूनतम) | दरभाउपत्र दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ठे.न २/राजस्व २०८१/८२ | विज्ञापन कर संकलन गर्ने कार्य (आ.व.२०८१/८२ देखि २०८३/८४ को असार मसान्तसम्म) प्रतिवर्ष रू ३ (तीन) लाख मात्र । | ९०००००। (नौ लाख) | १०००। | |
| ठे.न ३/राजस्व २०८१/८२ | शान्ति बगैंचाको साबिकमा १ नं वडा कार्यालय सञ्चालन भएको भवन बहालमा लगाउने कार्य (आ.व.२०८१/८२ देखि २०८५/८६को असार मसान्तसम्म) | १२०००। (बाह्र हजार) प्रति महिना | १०००। | कुनै कर समावेश नहुने । |

*प्रमुख प्रशासकीय अधिकृत*


### प्रहरी

| | |
|---|---|
| ट्राफिक प्रहरी भैरहवा | ०७१-५२२८७५ |
| बुटवल | ०७१-५४०२२२ |
| भैरहवा | ०७१-५२०१९९ |
| अर्घाखाँची | ०७७-४२०१९९ |
| गुल्मी | ०७९-५२०१९९ |
| परासी | ०७८-५२०१९९ |
| तौलिहवा | ०७६-५६००९९ |
| पाल्पा | ०७५-५२०२५५ |
| दाङ, घोराही | ०८२-५६०१९९ |
| तुल्सीपुर | ०८२-५२०१९९ |
| प्रहरी चौकी गल्याङ | ०६३-४६०१९९ |
| ई.प्र.का.,लुम्बिनी | ०७१-४०४०३२ |
| वडा प्रहरी कार्यालय वालिङ | ०६३-४४०१९९ |
| जिल्ला प्रहरी कार्यालय चितवन | ०५६-५२०१५५ |
| इलाका प्रहरी कार्यालय गैंडाकोट | ०५६-५०११९९ |
| इलाका प्रहरी कार्यालय कावासोती | ०७८-५४०१७९ |
| इलाका प्रहरी कार्यालय, रजहर | ०७८-५४५००५ |

### एयरलाइन्स

| | |
|---|---|
| बुद्ध एयर | ०७१-५२३८९३, ०७१-५२२८९३ |
| यती एयर | ०७१-५२७५२७ |
| अग्नि एयर | ०७१-५२६७७३ |

### अस्पताल

| | |
|---|---|
| लुम्बिनी अ.अस्पताल | ५४०२००,५४०२०१ |
| भीम, भैरहवा | ५२०१९३ |
| मिशन, पाल्पा | ०७५-५२०१११ |
| पी.चन्द्र परासी | ०७८-५२०१८८ |
| भैरहवा आँखा अस्पताल | ०७१-५२०२६५ |
| अर्घाखाँची | ०७७-४२०१८८ |
| तम्घास | ०७९-५२०१८८ |
| तौलिहवा | ०७६-५६०२०० |
| सिद्धार्थ बा.तथा म.अस्पताल | ०७१-५४४५० |
| ब्लड बैंक(रेडक्रस रक्तसंचार केन्द्र बुटवल) | ०७१-५४१००४ |
| शिक्षण अस्पताल भैरहवा | ०७१-५२१७५२ |
| खत्री हेल्थ केयर नर्सिङ्ग होम | ९८४७३००६६ |
| क्रिमसन अस्पताल मणिग्राम | ०७१-५६२७४४ |
| क्यान्सर अस्पताल भरतपुर | ०५६-५२४५०१ |
| मेडिकल कलेज, भरतपुर | ०५६-५२४२०३ |
| भरतपुर अस्पताल | ०५६-५२०१११ |
| लुम्बिनी मेडिकल कलेज, पाल्पा | ०७५-५२०८४० |
| एडमण्ड सी.टी.अस्पताल, बुटवल | ०७१-५५१५५८,५५१५५७ |
| देवदह मेडिकल कलेज | ०७१-६२२५७८ |
| लुम्बिनी हस्पिटल एण्ड टेक्निकल कलेज | ०७१-५४१६४१ |

### दमकल

| | |
|---|---|
| बुटवल | ०७१- ५४०१११ |
| भैरहवा | ०७१-५२०२१५ |
| दाङ | ०८२-५६०४९९ |
| नेपालगंज | ०८१-५२०१११ |
| तौलिहवा | ०७६-५६००१९ |

### एम्बुलेन्स

| | |
|---|---|
| रेडक्रस भैरहवा | ०७१-५२०२६३ |
| रेडक्रस परासी | ०७८-५२०१२५ |
| रेडक्रस पाल्पा | ०७५-५२०६०० |
| सिद्धार्थ कल्याण सेवा | ९८४७०२५६९७ |
| उ.वा.संघ दाङ | ०८२-५६००६३ |
| रेडक्रस, तुल्सीपुर | ०८२-५२००२२ |
| रेडक्रस गुल्मी | ०७९-५२०१६३ |
| लुम्बिनी विकास कोष | ०७१-५८०२०० |
| रेडक्रस चितवन | ०५६-५२०१३३ |
| तौलिहवा रेडक्रस | ०७६-५६००१५ |
| वालिङ्ग नगरपालिका | ०६३-४४०१८८, ४४०१४९ |
| रेडक्रस (वालिङ्ग) | ०६३-४४०४०१ |
| नेपाल औषधी व्यवसायी संघ | ९८५७०२५६७१ |
| लुम्बिनी निर्माण व्यवसायी संघ,भैरहवा | ०७१-५२१०५८ |
| जयसवाल सेवा समिति,भैरहवा | ०७१-५२७२११ |
| गोपाल रामप्यारी मेमोरियल ट्रष्ट | ९८४७०२१५९७ |
| देवदह अध्यात्मिक प्रतिष्ठान | ०७१-५७७३८७ |
| वनगाई क्लब, कपिलवस्तुः | ९७४७०१७१३३ |
| लुम्बिनी धर्मोदय सेवा,लुम्बिनी | ०७१-५८००४३ |
| देवदह मेडिकल कलेज (एम्बुलेन्स) | ०७१-६२१८०० |
| क्रिमसन अस्पताल, मणिग्राम | ०७१-५६२७४५ |
| खत्री हेल्थ केयर नर्सिङ्ग होम | ९८४७३०००६६ |
| लुम्बिनी हस्पिटल एण्ड टेक्निकल कलेज | ०७१-५४५६४१ |


## ट्वाईलेट सफा गराउनुहोस्

**के तपाईको घरको सिट,नाली जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता अत्याधुनिक प्रविधी, पावरफुल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एकमात्र सेनेटरीलाई सम्पर्क गर्नु होस ।**

ट्याक्सी रिजर्भकोलागि पनि सम्पर्क गर्नुहोला

## तिनाउ सेनेटरी

बुटवल-१०, सुख्खानगर

**मोवाईल नंः- ९८५७०५८८१३, ९८०७१८०८१३**

*हामी तपाईको समस्या तुरुन्तै पाँच मिनेटमा हल गरिदिने छौं ।*

# एभरेष्टमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न



तिलोत्तमा/बुटवल, १३ साउन । बुटवल सुख्खानगरमा रहेको एभरेष्ट इङलिस माध्यमिक विद्यालयमा वक्तृत्वकला प्रतियोगिता सम्पन्न भएको छ । विद्यालयको वार्षिक कार्यक्रम अन्तर्गत कक्षा ४-५, ६-८ र ९-१० गरी छुट्टाछुट्टै तीन तहका ३६ जना विद्यार्थीको सहभागितामा वक्तृत्वकला प्रतियोगिता भएको हो । कक्षा ४-५ का लागि "स्वस्थ जीवनका लागि खेलकूदको महत्व", कक्षा ६-८ का लागि "नैतिक शिक्षाःआजको आवश्यकता" र कक्षा ९-१० कालागि "समृद्ध नेपाल निर्माणमा पर्यटनको भूमिका" शीर्षकमा वक्तृत्वकला प्रतियोगिता भएको थियो । विद्यालयका सहप्राचार्य तथा अतिरिक्त क्रियाकलाप विभाग प्रमुख भीमसेन गौतमको अध्यक्षतामा भएको कार्यक्रममा विद्यालयका प्राचार्य कृष्ण न्यौपानेले विद्यार्थीको आन्तरिक शारिक तथा बौद्धिक क्षमताको बिकासका लागि समयसमयमा विभिन्न प्रतियोगितात्मक कार्यक्रम गर्दै आएको बताउनुभयो । उहाँले विद्यार्थीलाई पाठ्यक्रमसँगै अतिरिक्त कृयाकलापमा पनि अब्बल बनाउन विद्यालयले विभिन्न खाले कार्यक्रमहरु गर्दै आएको बताउनुभयो । आइतबार भएको प्रतियोगितामा कक्षा ४ र ५ को समूहमा कक्षा का आविष्कार पौडेलले प्रथम, कक्षा ५ का परिचित ढकालले द्वितीय र कक्षा ५ कै रमेश कुँवरले तृतीय स्थान प्राप्त गरेका थिए । यसैगरी कक्षा ६- ८ को समूह अन्तर्गत कक्षा ६ की अदिति आचार्यले प्रथम, कक्षा ७ की अनुष्का घिमिरेले द्वितीय र कक्षा ६ की प्रिया नेपालले तृतीय स्थान प्राप्त गरेको विद्यालयले जनाएको छ ।

यस्तै कक्षा ९-१० को समूहमा कक्षा १० का सुबोध गौतमले प्रथम, कक्षा ९ की शिखा कँडेलले द्वितीय र कक्षा १० की विधाता थापाले तृतीय स्थान प्राप्त गरे ।कार्यक्रममा उपप्राचार्यद्वय उमेश रेग्मी, माला पाण्डेको आतिथ्यमा भएको कार्यक्रममा शिक्षकद्वय माधव पौडेल र लक्ष्मी कार्कीले निर्णायकको भूमिका निर्वाह गर्नुभएको थियो भने कार्यक्रमको सञ्चालन विद्यार्थीद्वय विदुषी गौतम र स्मारिका घिमिरेले गरेका थिए । यसैबीच सोही कार्यक्रमको अवसर पारेर विद्यालयका चार सदनका क्याप्टेन तथा भाइस क्याप्टेनलाई व्याज वितरण गर्नुकासाथै सदनसम्बद्ध शिक्षकहरूको परिचयात्मक कार्यक्रम समेत गरिएको थियो ।

# जेष्ठ नागरिकलाई गाउँ टोलमै सामाजिक सुरक्षा भत्ता

तिलोत्तमा/तम्घास, १३ साउन । गाउँ टोलमै सामाजिक सुरक्षा भत्ता पाउँदा गुल्मीका ज्येष्ठ नागरिकमा खुसी छाएको छ । जिल्लाको कालीगण्डकी गाउँपालिका १ हर्मिचौरका ज्येष्ठ नागरिकले गाउँटोलमै सामाजिक सुरक्षा भत्ता पाउँदा खुसी भएका हुन् । कालीगण्डकी गाउँपालिका १ हर्मिचौरका ७५ वर्षीय पार्वती पाण्डेले गाउँमै सामाजिक सुरक्षा भत्ता पाउँदा बैंकमा जानुपर्ने समस्याबाट मुक्त भएको बताउनुभयो । उमेर घर्किंदै जाँदा गाडीमा बसेर बैंकमा जान पनि नसकिने समयमा गाउँमै आएर भत्ता पाउँदा सहज भएको बताउनुभयो । सोही वडाका १०८ वर्षीय तुल्सीराम भट्टराई, कौसिला पाण्डे र थानिश्वरा पाण्डेले गाउँमै सामाजिक सुरक्षा भत्ता पाउँदा स्थानीय सरकार साथमा रहेको अनुभूति प्राप्त भएको बताउनुभयो । उहाँहरुले स्थानीय सरकारले ज्येष्ठ नागरिकको समस्यामा सारथी बन्न आग्रह गर्नुभयो ।

आफूहरुलाई भत्ता लिनका लागि पालिका र बैंकमा जाने समस्या हुने गरेको बताउँदै सके घरमै र नसके टोल अर्थात् वडा कार्यालयबाट लिनेगरी व्यवस्था गर्न आग्रह गर्नुभयो । कालीगण्डकी गाउँपालिका वडा १ का वडा अध्यक्ष लालुप्रसाद पाण्डेले ज्येष्ठ नागरिकको सहजताका लागि बैंकको सहकार्यमा गाउँमा सामाजिक सुरक्षा भत्ता वितरण गरेको बताउनुभयो । सबैलाई पायक पर्नेगरी टोल-टोलमा गएर सामाजिक सुरक्षा भत्ता वितरण गर्ने र अति वृद्ध र अशक्तका लागि घरमै गएर वितरण गर्ने तथा घरको सदस्यमार्फत प्रदान गर्दैआएको उहाँको भनाइ छ । वडाभित्र ज्येष्ठ नागरिक १८७, दलित ज्येष्ठ नागरिक २२, एकल महिला २४, बाल संरक्षण ३१, पूर्ण अपाङ्ग १९ र अति अशक्त अपाङ्ग २० जना रहेको सामाजिक परिचालक मोनिका बस्यालले जानकारी दिनुभयो । ज्येष्ठ नागरिकको घरमै गएर स्वास्थ्य परीक्षणलगायत उहाँहरुलाई सम्मान गर्दैआएको गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख चन्द्रबहादुर थापाले बताउनुभयो ।

# रुपन्देहीमा यो वर्ष डेङ्गुका बिरामी घटे

तिलोत्तमा/बुटवल, १३ साउन । रुपन्देही जिल्लामा यो वर्ष डेङ्गुका बिरामी घटेका छन् । बुटवलको लुम्बिनी प्रादेशिक अस्पताल, भैरहवाको भीम अस्पताललगायत विभिन्न पालिकामा रहेका स्वास्थ्य केन्द्रमा गरी यो वर्ष अहिलेसम्म ५३ जनामा मात्रै डेङ्गु सङ्क्रमण पुष्टि भएको छ । जिल्ला स्वास्थ्य कार्यालय रुपन्देहीका भेक्टर कन्ट्रोल निरीक्षक केदारनाथ शाहले रुपन्देहीमा यो वर्ष डेङ्गु धेरै घटेको बताउनुभयो । उहाँले गत वर्ष यही अवधिमा तीन सय जनामा डेङ्गु सङ्क्रमण देखिए पनि यो वर्ष अहिलेसम्म ५३ जनामा मात्रै डेङ्गु पुष्टि भएको छ । डेङ्गु सङ्क्रमण घट्नुको मुख्य कारण स्थानीय सचेत हुनु उहाँको भनाइ छ । विगतका वर्षमा डेङ्गु नियन्त्रण गर्न जिल्ला स्वास्थ्य कार्यालय रुपन्देही र जिल्लाका १६ वटै पालिकाले 'खोज र नष्ट गर' अभियान चलाएर सहरदेखि ग्रामीण क्षेत्रसम्म सचेतना अभियान चलाएका कारण यो वर्ष डेङ्गु सङ्क्रमण घटेको अनुमान गरिएको छ । निरीक्षक शाहका अनुसार डेङ्गु 'खोज र नष्ट गर' अभियान सञ्चालन गरिएका कारण त्यसले समुदायमा सचेतना फैलिएको र डेङ्गुबाट बच्न घर वरिपरि सरसफाइ गर्ने, खाल्टाखुल्टीमा पानी जम्न नदिने, झुल लगाएर सुत्ने गरेका कारण त्यसको प्रभाव यो वर्ष परेको हो ।

यो वर्ष भने जिल्ला स्वास्थ्य कार्यालय रुपन्देहीले डेङ्गु 'खोज र नष्ट गर' अभियान अहिलेसम्म सञ्चालन गरेको छैन । पालिकाहरूले भने आआफ्नो क्षेत्रमा डेङ्गु नियन्त्रण अभियान चलाएका छन् । बुटवल उपमहानगरका स्वास्थ्य शाखा प्रमुख युवराज पाण्डेले यो वर्ष डेङ्गुको सङ्क्रमण विगतको भन्दा कम देखिएको बताउँदै वर्षाको समय अझै रहेकाले सचेत हुनुपर्ने बताउनुभयो । उहाँले बुटवल उपमहानगरले डेङ्गु खोज र नियन्त्रण अभियान सञ्चालन गर्न महिला स्वास्थ्य स्वयंसेविकालाई तालिम दिएको र टोल टोलमा डेङ्गु नियन्त्रणका लागि स्वास्थ्यकर्मी परिचालन गरेको बताउनुभयो । महिला स्वास्थ्यकर्मी माया गौतमले गाउँभन्दा बजार क्षेत्रमा फोहोर जम्ने, नालीमा फोहोर पानी जमेका कारण लामखुट्टे उत्पन्न हुने, टायर, ड्रम, खाली बाल्टिनलगायतका सामान जथाभाबी फालेका कारण लामखुट्टेले त्यसमै फुल पारेर डेङ्गु गराउने एडिस एजिप्टाई लामखुट्टे बढ्न सक्ने भएकाले सहरका चोक र गल्लीमा स्थानीयलाई सचेत गराउने अभियान चलाएको बताउनुभयो । गत वर्ष गर्मी सुरु भएसँगै डेङ्गुका बिरामी बढेका कारण पालिकाले लामखुट्टे खोज र नष्ट गर अभियान सञ्चालन गरे पनि यो वर्ष भने अभियान सञ्चालनमा ढिलाइ भएको छ ।

# अनुदान कार्यक्रमले दूध उत्पादनमा वृद्धि

रासस/मध्यबिन्दु (नवलपरासी), १३ साउन । नवलपरासी(बर्दघाट-सुस्तापूर्व)को हुप्सेकोटगाउँपालिकालेदूधउत्पादक किसानलाई अनुदान दिन थालेपछि उत्पादनमा वृद्धि भएको छ । दूध उत्पादनमा आत्मनिर्भर बनाउने उद्देश्यले गाउँपालिकाले आर्थिक वर्ष २०७८/७९ देखि अनुदान दिन थालेपछि प्रत्येक वर्ष उत्पादनमा वृद्धि हुँदै गएको हो ।

सहकारीले सञ्चालन गरेको दुग्ध डेरीमार्फत दूध बिक्री गर्ने किसानलाई प्रतिलिटर दूधमा रु सात दशमलव ५० का दरले अनुदान रकम गाउँपालिकाले उपलब्ध गराएको हो । आर्थिक वर्ष २०८०/८१ मा ७५ हजार दुई सय दुई लिटर दूधमा रु पाँच लाख ६४ हजार १२ अनुदान रकम वितरण गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद पराजुलीले जानकारी दिनुभयो । "गत आवमा सहिद प्रदुक बहुउद्देश्यीय सकारी संस्थाले २२ हजार १६ लिटर दूधमा रु दुई लाख ७३ हजार पाँच सय ३१, साना किसान कृषि सहकारी संस्थाले ३५ हजार तीन सय सात लिटर दूधमा रु दुई लाख ६५ हजार एक सय ६२ र शिवमन्दिर महिला बहुउद्देश्यीय सहकारी संस्थाले तीन हजार तीन सय ७६ लिटर दूधमा २५ हजार तीन सय १९ अनुदान लगेका छन", उहाँले भन्नुभयो । गाउँपालिकाले आव २०७९/८० सम्म प्रतिलिटर रु पाँच अनुदान दिँदै आएकामा गत आवदेखि अनुदान रकम वृद्धि गरेको हो । पालिकाले प्रतिलिटर रु १० अनुदान रकम उपलब्ध गराउने घोषणा गरे पनि गण्डकी प्रदेश सरकारले पनि दूधमा अनुदान उपलब्ध गराएकाले प्रदेशबाट किसानलाई प्राप्त रकम घटाएर प्रतिलिटर रु १० हुने गरी अनुदान वितरण गरिएको गाउँपालिकाका अध्यक्ष लक्ष्मीदेवी पाण्डेले जानकारी दिनुभयो । अनुदान रकम साना किसानसम्म पुऱ्याउन एक आवमा सहकारीमार्फत बिक्री गरेको दूधको परिमाणअनुसार रकम उपलब्ध गराइएको गरिएको उहाँले बताउनुभयो । "गाउँपालिकाभित्र रहेका दुग्ध सहकारीले उपलब्ध गराएको वार्षिक तथ्याङ्कका आधारमा अनुदान दिने व्यवस्था गरेका छौँ", अध्यक्ष पाण्डेले भन्नुभयो, "उत्पादनका आधारमा अनुदान दिने नीतिअनुरूप आर्थिक वर्ष २०७८/७९ देखि यसलाई निरन्तरता दिँदै आएका छौँ ।" उत्पादनका आधारमा अनुदान दिँदा साना किसान लाभान्वित भएका भन्दै दूध उत्पादन र पशु पाल्ने किसानको सङ्ख्या पनि वृद्धि भएको उहाँले बताउनुभयो ।

"हुप्सेकोट गाउँपालिकालाई दुग्ध उत्पादनमा आत्मनिर्भर बनाउने लक्ष्यअनुसार कृषकलाई आकर्षित गर्ने कार्यक्रम अगाडि सारिएका छन्", उहाँले भन्नुभयो, "गाउँपालिकाको पहाडी क्षेत्रमा पशुपालन कम हुनेहुँदा यस क्षेत्रमा दूध उत्पादन कम हुने गरेको छ ।" आव २०७९/८० मा कूल ५७ हजार तीन सय २३ लिटर दूधमा प्रतिलिटर रु पाँचका दरले रु दुई लाख ८६ हजार छ सय १९ अनुदान रकम प्रदान गरिएको गाउँपालिकाका लेखा अधिकृत राजेन्द्रप्रसाद रेग्मीले जानकारी दिनुभयो ।

"सो वर्ष सहिद प्रदुक बहुउद्देश्यीय सहकारीले २२ हजार १६ लिटर दूधमा रु एक लाख १० हजार ८० र साना किसान कृषि सहकारीले ३५ हजार तीन सय सात लिटर दूधमा रु एक लाख ७६ हजार पाँच सय ३९ अनुदान पाएका थिए", उहाँले भन्नुभयो । चालु आर्थिक वर्षमा पनि दूधमा अनुदान कार्यक्रमलाई निरन्तरता दिइएको प्रमुख प्रशासकीय अधिकृत पराजुलीले बताउनुभयो ।


## साझा विज्ञापन दररेट सार्वजनिक गरिएको सूचना

दैनिक लुम्बिनी | दैनिक पत्र | तिलोत्तमा | मेचीकाली | बुटवल टुडे

पत्रकारितामा मोफसलको राजधानी बुटवलबाट प्रकाशित हुँदै आएका नेपाल सरकार प्रेस काउन्सीलद्वारा राष्ट्रिय स्तरमा सूचिकृत लुम्बिनी प्रदेशमा सर्वाधिक विक्रि हुने पत्रपत्रिकाहरु दैनिक लुम्बिनी, मेचिकाली सन्देश दैनिक, दैनिक पत्र दैनिक, बुटवल टुडे दैनिक र नव तिलोत्तमा दैनिकले आर्थिक वर्ष २०८१/८२ को लागि साउन देखी लागु हुनेगरि विज्ञापनको साझा दररेट निम्नानुसार हुने व्यहोरा सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| पृष्ठ | गैर सरकारी (प्रति कोलम से.मी) | | सरकारी विज्ञापन (प्रति कोलम से.मी.) | |
|---|---|---|---|---|
| | रंगीन | श्यामस्वेत | रंगीन | श्यामस्वेत |
| पहिलो पृष्ठ | ८०० | ७०० | १४०० | १२०० |
| अन्तिम पृष्ठ | ७०० | ६०० | | |
| भित्रि पृष्ठ | ६०० | ५०० | | |

एयर प्यानल — रू. २००० प्रति अंक
राहदानी हराएको सूचना — रू २००० प्रति राहदानी
वर्गीकृत डिस्प्ले — कलर रु ७००, श्यामश्वेत रु ५०० प्रति अंक

नोट : विज्ञापनको प्रकृति, परिमाण, अग्रिम भुक्तानीको आधारमा छुटको सुविधा प्रदान गारिनेछ ।



## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसम अनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुरक्षित तरिकाले राखिएका खानेकुरा नखाऔं,
- धैरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर,आँगन र आसपासका क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञान बोर्ड



## ट्वाइलेट सफा गराउनु परेमा

बुटवल सेनेटरी प्रा.लि.

स्याफ्टी टंकी रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस ।



सम्पर्क
९७४५४०५९७३/९८०७४०९८५२


मणि मुकुन्द प्रकाशन प्रा. लि. द्वारा प्रकाशित नव तिलोत्तमा दैनिकका लागि अध्यक्षः जनक कोइराला, प्रबन्ध सञ्चालक/सम्पादकः माधव नेपाल, फोन नं. विज्ञापनः ०७१-४३८५७४, समाचारः ०७१-४३८५७५ फ्याक्स नं. ०७१-४३८५७२ कार्यालयः कालिकानगर-१० बुटवल, इमेलः tilottamadainik@gmail.com, मुद्रणः तिलोत्तमा प्रेस, बुटवल रुपन्देही